# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः१०　　संख्याः १　　मितिः २०८३/०४/१३

## भाग २

### राप्ती गाउँपालिका, दाङ

कार्यपालिकाबाट स्वीकृतः२०८३/०४/२५

# क्षेत्रफलका आधारमा विभिन्न बालीको उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८३

# क्षेत्रफलका आधारमा विभिन्न बालीको उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८३

कार्यपालिकाको निर्णय मितिः २०८३।०४।१३

प्रस्तावनाः

रासी गाउँपालिका कृषि विकास शाखा मार्फत संचालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्दै उत्पादन र उत्पादकत्व बढाउन परम्परागत कृषि प्रणालीलाइ आधुनिकीकरण र व्यवसायिकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकरण गर्न कृषक, व्यवसायिक फार्म, कृषि समूह र सहकारीहरुलाई कृषि सेवा, सामग्री, तालिम, प्रविधिका साथै कृषिजन्य उत्पादनको उचित मूल्य र , लाभहरुको न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारणा अनुरुप कृषि क्षेत्रको विकास, व्यवस्थापन र सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ण) बमोजिम रासी गाउँपालिकाले **क्षेत्रफलका आधारमा विभिन्न बालीको उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८३** तयार गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **क्षेत्रफलका आधारमा विभिन्न बालीको उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि २०८३**" रहेको छ ।

२) यो कार्यविधि रासी गाउँपालिकाको राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

**परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा**

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले रासी गाउँपालिकाकालाई सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले रासी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले रासी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रासी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "अनुगमन समिति" भन्नाले दफा ५ बमोजिम समितिलाई सम्झनु पर्छ ।

(च) "बिभिन्न बाली उत्पादक" भन्नाले बिभिन्न बाली उत्पादन गर्ने कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीलाई जनाउछ ।

३. **उद्देश्यहरुः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन्:

(क) रासी गाउँपालिकालाई विभिन्न बालीमा आत्मनिर्भर बनाउन,

(ख) क्षेत्रफलका आधारमा प्रोत्साहन सहयोग कार्यक्रम मार्फत कृषकहरुलाई प्रोत्साहित गर्ने ।

## परिच्छेद-२

### ४. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः

(क) रासी गाउँपालिकाले क्षेत्रफलका आधारमा विभिन्न बाली उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम सँचालनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गरिनेछ ।

(ख) रासी गाउँपालिकाले अनुसूची -२ बमोजिमको ढाचाँमा इच्छुक कृषक/ कृषि फर्म/ कृषक समूह /कृषि सहकारीहरुले निवेदन पेश गर्नुपर्ने छ ।

(ग) क्षेत्रफलका आधारमा विभिन्न बाली उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रममा आवेदन दिने कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले लगाएको बाली अनुगमन समितिले स्थलगत अनुगमन गरी पेश गरेको प्रतिवेदन बमोजिम क्षेत्रफलको आधारमा तपसिल अनुसारको बाली तपसिल बमोजिमको क्षेत्रफलमा खेती गरे पश्चात सोही अनुसार अनुदान उपलव्ध गराइनेछ ।साथै कार्यपालिकाको निर्णय अनुसार दररेट घटबढ गर्न सकिनेछ ।

| क स | बालीको नाम | मापदण्ड | प्रोत्साहन रकम | कै. |
|---|---|---|---|---|
| १ | तरकारी | ✓ खुल्ला जग्गामा तरकारी खेती गरेमा सोही अनुसार यस कार्यक्रममा समावेश हुने कृषक/कृषि फर्महरुले कम्तिमा ३ कठ्ठामा तथा कृपक समूह /कृषि सहकारीले कम्तिमा १० कठ्ठामा तरकारी खेती गरेको हुनुपर्नेछ ।<br>✓ प्लाष्टिक टनेल भित्र (५×१० मीटर) तरकारी खेती गरेको हुनुपर्नेछ । | प्रति कठ्ठा रु२००० <br>प्रति टनेल रु१००० | |
| २ | पुष्प | कृषक/कृषि फर्महरुले कम्तिमा १ कठ्ठामा तथा कृषक समूह /कृषि सहकारीले कम्तिमा ३ कठ्ठामा पुष्प खेती गरेको हुनुपर्नेछ । | प्रति कठ्ठा रु ५००० | |
| ३ | रैथाने बाली (जौ, कोदो, फापर) | कृषक/कृषि फर्महरुले कम्तिमा १ कठ्ठामा तथा कृषक समूह /कृषि सहकारीले कम्तिमा ३ कठ्ठामा रैथाने बालीको खेती गरेको हुनुपर्नेछ । | प्रति कठ्ठा रु२५०० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | बेसार | कृषक/कृषि फर्महरुले कम्तिमा ३ कठ्ठामा तथा कृषक समूह /कृषि सहकारीले कम्तिमा ५ कठ्ठामा बेसार खेती गरेको हुनुपर्नेछ | प्रतिकठ्ठा रु ५००० | |
| | | | | |

(घ) यस कार्यक्रमको नियमित अनुगमन गरि प्रतिवेदन पेश गर्ने दफा ५ वमोजिमको समितिले गर्नेछ ।

(ङ) कृषि विकास शाखाले कृषक/समूहसंग सहकार्य गरी माथी उल्लेखित बाली उत्पादन कार्यक्रम संचालन गर्नेछ ।

(च) दोहोरो पर्ने गरी अनुदान रकम उपलब्ध गराइने छैन ।

**५. क्षेत्रफलका आधारमा बिभिन्न बाली उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन/ अनुगमन समितिः** (१) गाउँपालिका मार्फत संचालन गरिएको बिभिन्न बालीको उत्पादन लागतमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा लगाएको बालीको क्षेत्रफल, लगाएको बालीको गुणस्तर तथा तथ्यांक परिमाण सुनिश्चितता गर्नका लागि गाउँपालिका स्तरीय देहायका पदाधिकारीहरु रहने गरी कार्यक्रम सँचालन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकको उपाध्यक्ष | सदस्य |
| (ग) आर्थिक विकास समिती संयोजक | सदस्य |
| (घ) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| (च) योजना शाखा प्रमुख | सदस्य |
| (छ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

समितले आवश्यकता अनुसार विज्ञ समावेस गर्न सक्नेछ ।

(२) **दफा (५) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) क्षेत्रफलको आधारमा बिभिन्न बाली उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यक्रममा प्रभावकारी तवरले सञ्चालन गर्नका लागि आवश्यक नीति, मापदण्डको निर्माणमा समन्वय र सहकार्य गर्ने ।

(ख) कृषकले खेती गरे नगरेको अवस्था हेर्न समय समयमा अनुगमन गर्ने ।

(ग) वडा कार्यालय, कृषि विकास शाखा, कृषि ज्ञान केन्द्र, लगायत सामाजिक संघ संस्था तथा सम्बन्धित मन्त्रालय तथा दातृ निकायहरुसँग सहयोग समन्वय र सहकार्य गरी कृषकलाई प्रोत्साहित हुने सम्बन्धी कार्य गर्ने ।

(घ) समितिले स्थलगत अनुगमन गरी प्रतिवेदनको आधारमा प्रस्ताव छनौट तथा भुक्तानीका लागि सिफारिस गर्ने।

**६. भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरुः**

१. भुक्तानीका लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नुपर्नेः

(क) भुक्तानी निवेदन

(ख वडा कार्यालयको सिफारिस

(ग) बैंकको चेकको फोटोकपी

(घ) लगाएको बालीमा कृषक सहितको फोटो

**७. विविधः**

(क) यो कार्यविधि आवश्यकता अनुसार सँसोधन गर्न सकिनेछ ।

अनुसूची-१

परिच्छेद २ को दफा ४ को उपदफा (क) सँग सम्बन्धित

**क्षेत्रफलका आधारमा बिभिन्न बाली उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस राप्ती गाउँपलिका भित्र आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ............................. उत्पादन लागतमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गरिने भएकोले इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८३/ / गते भित्र प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै **क्षेत्रफलका आधारमा बिभिन्न बाली उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन कार्यविधि २०८३ को दफा** ४ बमोजिम अनुदान उपलब्ध गराइनेछ।

**कार्यक्रम संचालन मापदण्ड**

| क्र.स. | कार्यक्रमको नाम | मापदण्ड | अनुदान सीमा |
|---|---|---|---|
| १ | | | |

**आवश्यक कागजातहरु:-**

- आधिकारीक व्यक्तिहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी
- कार्यक्रम संचालन हुने जग्गाको लालपूर्जाको फोटोकपी, भाडामा भए कम्तिमा ३ वर्षको करार सम्झौता प्रतिलिपी तथा वेदर्ता जग्गा भएको भए क्षेत्रफल एकिन सहितको सम्बन्धि वडाको सिफारिस पत्र।
- सहकारीको हकमा करचुक्ता प्रमाणपत्र तथा पाना नं.
- अनुसूची-१ बमोजिमको निवेदन

थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

अनुसूची-२
परिच्छेद २ दफा ४ को उपदफा (ख) सगँ सम्बन्धित

मिति :

श्री कृषि विकास शाखा प्रमुख ज्यू
रासी गाउँपालिका दाङ ।

विषय : प्रस्ताव पेश सम्बन्धमा ।

प्रस्तुत विषयमा रासी गाउँपालिका कृषि विकास शाखाको मिति ……… ………………… ……… गते प्रकाशित सूचना बमोजिम म/हामि …………………… ……………… ……………………… इच्छुक कृषक/कृषि फर्म / कृषक समूह /कृषि सहकारीले ……… वडा नं………मा ……………कठ्ठा क्षेत्रफलमा …………………… खेति गर्दैआइरहेकोले क्षेत्रफलका आधारमा …………………… उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रममा सहभागी गरिदिनुहुन तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको छु/ छौ ।

तपसिल

१) नागरिकताको प्रतिलिपी,

२) जग्गाको लालपुर्जा प्रतिलिपी वा करार सम्झौता पत्र वा ऐलानी जग्गाको हकमा वडाको सिफारिस,

३) संस्था दर्ता भएको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपी,

निवेदक
नाम थर :
टोल सहितको ठेगाना :
फोन नं

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत